## आ.व . २०७९/८० को नेह्रौं कार्यपालिका बैठक

आज मिति २०७९।१०।१३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर बहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगरराप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर फुजाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेब बहादुर वली राप्ती गाउँपालिका । |

### आमन्त्रित

श्री जीवराज पौडेल, पशु विकास अधिकृत

श्री धन प्रसाद शर्मा लेखा अधिकृत

श्री विश्वास विक शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत ( प्रशासन सेवा )

श्री जीवन कुमारी छि.सी. म.वि.नि

श्री नारायण राउत, स्वास्थ्य शाखा संयोजक

श्री प्रदिप प्रसाद बैदिक, सब इन्जिनियर

## प्रस्तावहरु

१. योजना तथा कार्यक्रमको संसोधन, रकमान्तर तथा स्रोतान्तर सम्बन्धमा ।

२. पूरक विनियोजन प्रस्ताव सम्बन्धमा ।

३. घ वर्गको ईजाजत पत्र प्रदान गर्ने सम्बन्धमा ।

४. विविध ।

उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**निर्णय नं. १** – राप्ती गाउँपालिकाको विषयगत शाखा तथा वडा कार्यालयबाट प्राप्त भएका योजना तथा कार्यक्रमको संसोधन, रकमान्तर तथा स्रोतान्तर सम्बन्धी प्रस्तावलाई स्विकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. २** - राप्ती गाउँपालिकाको कार्यपालिकामा पेश भएका देहाय बमोजिमका विधेयकलाई स्विकृत गरी सभामा पेश गर्ने ।

- राप्ती गाउँपालिकाको पुरक विनियोजन विधेयक,२०७९
- राप्ती गाउँपालिकाको प्रशासकीय (कार्यविधि नियमित गर्ने )विधेयक, २०७९
- राप्ती गाउँपालिकाको केही स्थानीय ऐनलाई संसोधन गर्न बनेको विधेयक, २०७९
- राप्ती गाउँपालिकाको स्थानीय औद्योगिक व्यवसाय सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको बडघर प्रथा संरक्षण सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको आकस्मिक कार्य संचालन कोष सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको सार्वजनिक, नीजी साझेदारी तथा लगानी सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको एफ एम रेडियो संचालन सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको तथ्याङ्क अभिलेख व्यवस्थापन सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन विधेयक, २०७९
- राप्ती गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७९
- राप्ती गाउँपालिकाको आर्थिक ऐन २०७९ संसोधन सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको संस्था दर्ता विधेयक, २०७९
- राप्ती गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ संसोधन विधेयक, २०७९
- राप्ती गाउँपालिकाको सहकारी ऐन २०७५ संसोधन सम्बन्धी विधेयक, २०७९
- राप्ती गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई ऐन २०७५ को संसोधन विधेयक, २०७९
- राप्ती गाउँपालिकाको स्थानीय औद्योगिक व्यवसाय सम्बन्धी विधेयक, २०७९

**निर्णय नं.३-** राप्ती गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७४ बमोजिम मापदण्ड पुरा गरेका भद्राक्षी निर्माण सेवा, राप्ती गापा -४, दाङ र मिल्कु योजना निर्माण सेवा कम्पनी प्रा.लि., राप्ती गापा-३, दाङलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

**निर्णय नं. ४-** राप्ती गाउँपालिकाको गौरवको योजना अन्तरगत निर्माणाधिन राप्ती चक्रपथ (सिसहनिया मिलन चोक देखि वसन्तापुर खण्ड ) ठेक्का नं. (**RRM/NCB/ROAD/W/12/2076/77**, सम्बन्धमा पेश भए बमोजिमको **Variation Order** स्विकृत गर्ने ।

**निर्णय नं. ५-** राप्ती गाउँपालिकामा नेपाल सरकारको राष्ट्रिय परिचय पत्र बनाउने अभियान सञ्चालन गर्ने भएकोले आउने सेवाग्राहीलाई पानी लगायत सहजिकरण खर्च व्यवस्थापन वापत प्रत्येक वडालाई राप्ती गाउँपालिकाको विविध खर्च शिर्षकबाट रु १५,००० सम्म भुक्तानी दिने ।

**निर्णय नं.६-** प्रदेश सरकारको सशर्त अनुदान तर्फको कुलबुट निर्माणका लागि ईच्छुक सहकारी मार्फत सञ्चालन गर्ने गरी देहायका ३ स्थानहरुमा कुलबुट निर्माण गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने ।

क. राप्ती गापा ५ सिसहँनिया

ख. राप्ती गापा ८

ग. राप्ती गापा २